# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ केन्द्रीय समिति सञ्चारग्राम, काठमाडौं
Central Committee Federation of Nepali Journalists


मिति : २०७५।०२।२८

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघले केन्द्रीय बाल कल्याण समितिको सहकार्यमा प्रदान गर्दै आएको 'बालसंवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कार' अन्तर्गत यस वर्ष पुरस्कृत गरिने पत्रकारको नामावली सार्वजनिक गरेको छ ।

पुरस्कार छनौटका लागि गठित छनौट समितिको २०७५ जेठ २८ गते बसेको बैठकले पुरस्कारका लागि २०७५ वैशाख २ गतेदेखि जेठ १५ गतेसम्म प्राप्त भएका ३० आवेदनको अध्ययन तथा छानबिन गरी रेडियो, छापा, टिभी र कार्यक्रम प्रस्तोताकमध्येबाट ८ जना पत्रकारलाई प्रदान गर्ने निर्णय गरेको हो ।

जसअनुसार रेडियोतर्फ रमेश दुलाल (रेडियो कान्तिपुर-उपत्यका) र मनकुमारी पुलामी (रेडियो सिद्धबाबा-मोफसल, सिन्धुली), छापामाध्यमतर्फ सुशील दर्नाल (रासस-उपत्यका) र निमेन्द्र शाही (राजधानी दैनिक-मोफसल, बाजुरा) प्रदान गरिने भएको छ । त्यस्तै टेलिभिजनतर्फ रेणुका आचार्य (नेपाल वातावरण पत्रकार समुह-उपत्यका) र अमृता अनमोल (कान्तिपुर मिडिया-मोफसल, रुपन्देही) र कार्यक्रम प्रस्तोतातर्फ दुर्गा कार्की (नेपाल वातावरण पत्रकार समुह) र गीता चिमोरिया (सिआइएन) लाई प्रदान गरिने भएको छ ।

पुरस्कार छनौट समितिले आवेदनमा सामग्रीको प्रस्तुति र भाषा, विषयवस्तु छनौट तथा गहनता, विषयको सान्दर्भिकता, खोज तथा अनुसन्धान पत्रकारिता प्रयोग एवं व्यक्तिगत विवरण र अनुभवलाई आधार बनाएर मूल्याङ्कन गरेको हो ।

जनही रु पच्चीस हजार राशीको यो पुरस्कार प्राप्त गर्ने पत्रकारलाई २०७५ जेठ ३१ आयोजना हुने कार्यक्रममा प्रदान गरिनेछ ।

**रमेश विष्ट**
**महासचिव**


फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org